संस्मरण

# सिर्जनामा म



–जेबी खत्री

म आज नितान्त आफ्नै बारेमा लेख्न बस्दैछु । यद्यपी यस अगि लेखिएका लेख,रचनाहरु पनि कुनै न कुनै रुपमा मसँगै सम्बन्धित थिए । अलिकति अतीततिर फर्केर हेर्दा म सारै बुद्धु रहेछु । मेरो दिमाग सारै बोधो पनि थियो । हिसाबमा त म जिरो नै थिएँ भन्दा पनि हुन्छ । भन्न पनि मलाई कत्तिले यो सारै सोझो छ । यसले केही पनि गर्दैन भन्थे । जसो भनेको त्यसै भयो । मैले जीवनमा त्यस्तो केही पनि लछारपाटो लाइँन । न मेरो जीवनमा पढाइ नै काम लाग्यो ।

इजरायलमा हुँदाको कुरा हो । मैले एउटा यस्तो कविता लेखेँ । कविताको शीर्षक थियो,सोझो हुनु पनि गरिव हुनुजस्तै रहेछ । यो कवितालाई धेरैले आत्मसाथ गरे । कत्तिलाई यो कविताले व्यङ्ग्यको काम पनि गर्‍यो । त्यो कसैका लागि लेखिएको थिएन । आफ्नै लागि लेखिएको थियो । आजका मितिसम्ममा लगभग १०० जति विभिन्न खाले पत्र-पत्रिकामा ४०० भन्दा बढी लेख,रचनाहरु छापिएछन् । मैले लेख्न थालेको पनि ३०/३२ वर्ष जति भएछ । मेरो पहिलो रचना यही थियो,भन्ने पनि मलाई अहिले एकिन छैन । ४९/५० सालतिर प्रकाशित गल्लीका शिकारहरु र प्रेम गर्ने भनाउँदाहरु शीर्षकका यी दुई कवितालाई मैले मेरा पहिलो रचना मान्ने गरेको छु । आजसम्म मैले जेजति लेखेँ । त्यसले मलाई अझैपनि लेखक तथा कवि बनाएको अनुभूति गराएको छैन । मैले धेरै गर्नु थियो । एक छेउ पनि गरेको छैन । खासमा साहित्यको क्षेत्रमा । यसमै लागियो । यसमै रमाइयो । अझ भनौँ,मैले त्यो कवितामा आफ्नो सोझो पनको वर्णन र त्यसबाट फाइदा उठाउँनेहरुप्रति व्यङ्ग्य गरेको थिएँ । जसबाट अलिकति अरु भन्दा बाठो हुँ भन्नेहरुले आफ्नो सोझो पनबाट उठाएको फाइदाको चर्चा-परिचर्चा पनि । कवितामा भनिएजस्तो त्यति विघ्न म सोझो पनि थिइँन । धनी पनि थिइँन र गरिव पनि थिइन । यद्यपी त्यो धेरैको जीवनसँग मेल खान सक्ने कविता भने थियो । पछि मैले त्यो कवितालाई बन्साका बोटहरु कविता सङ्ग्रहमा सङ्ग्रहित गरेँ । त्यो कविता यस्तो थियो,

कविता
सोझो हुनु पनि गरिव हुनुजस्तै रहेछ

इमान्दार हुनु पनि
गरिव हुनुजस्तै रहेछ ।
सबैले हेप्ने,थिच्ने,मिच्ने
सानो हुनुजस्तै रहेछ ।
कोही ताछ्न खोज्छन्
कोही लाछ्न खोज्छन्
कोही भाँच्न खोज्छन्
कोही खुर्कन खोज्छन्
साँच्चै सोझो भएर
बाँच्नु पनि
गरिव हुनुजस्तै रहेछ ।

कोही लुछ्न खोज्छन्
कोही नङ्ग्याउँन खोज्छन्
कोही चिमोट्न खोज्छन्
कोही दरफन्याउँन खोज्छन्
कोही अफ्ठ्यारोमा पारेर
स्वार्थ पूरा गर्न खोज्छन्
कोही आफ्नो वसमा राखेर
ऐँच्याउँन खोज्छन्
साँच्चै सोझो हुनु पनि
गरिव हुनुजस्तै रहेछ ।

सबैका आँखा
सोझा माथि नै पुग्दारहेछन्
सबैले सोझालाई नै रोज्दारहेछन्
नपत्याए जङ्गलमा गएर हेर
त्यहाँ सोझा रुखहरु नै
बढी काटिएका हुन्छन्
बाङ्गाटिङ्गा त
त्यत्तिकै हुन्छन् ।

म अत्यधिक लेख्ने मान्छे हुँ । केही न केही लेखिरहन मन लाग्छ । लेखिरहन्छु पनि । लेखेपछि कतै न कतै पठाउँछु । सम्पादकले छापिदिनुहुन्छ । खुसी लाग्छ । एउटा लेखकलाई आफ्नो रचना छापिदा खुसी नलाग्ने कुरै भएन । लेख्नु मेरो कर्म भयो । विषय मर्म । नलेखि त एकैछिन् पनि बस्न सकिन्न । सायद लेखक,कविहरुको यस्तै लत हुन्छ । म जे लेख्छु सर्रसरर्ती लेख्छु । लेखिसकेपछि त्यसलाई आफूसँग राखिरहन्न । एकतिर पठाइदिन्छु । छापिएर आउँछ । छापिएर आएपछि कस्तो भएछ भनेर एक पल्ट सरररर पढ्छु । मेरा रचनाका पाण्डुलिपिहरु अहिले थन्किएर बस्न पाउँदैनन् । म त्यसरी थन्किएर बस्न दिन्न पनि । प्राय:अधिकांश लेख,रचनाहरु छापिइसकेका छन् । लेखिनसकेका रचनाहरुको छुट्टै कुरा हो । यति हुँदाहुँदै पनि मेरो साहित्यप्रतिको मोह किञ्चित घटेको छैन । बरु अझ उर्जाशील बनेर बढ्दै पो छ ! अक्षरको खेतीपातीमा लागेको मान्छे मर्दैन भनिन्छ । त्यति मात्र होइन,बुढो पनि हुँदो रहेनछ । ८४ वर्षको उमेरमा पनि अस्तिसम्म मैले लीलबहादुर क्षत्रीलाई उस्तै उत्साहित देखेँ । झट्ट हेर्दा यो कविता सरल,सहज र सामान्य झैँ लागेपनि यो कविता मेरो विगतदेखि वर्तमानसम्म मानिसहरुले मप्रति गरेको व्यवहारलाई निचोरेर लेखिएको कविता हो । मेरो जीवनको सम्पूर्णता जो लेख्न मिल्ने जति सबै मैले साहित्यमा लेखिसकेँ । अब त भोग्न बाँकी जिन्दगीको मात्र लेख्न बाँकी छ । मलाई नजिकबाट बुझ्न चाहनेले मेरो साहित्य पढेपछि थाहा लाग्छ । सकेसम्म मैले आफूलाई एउटा इमान्दार यथार्थवादी लेखक ठानेको छु । साहित्यलाई कर्म । पूर्णकालीक लेखन र व्यवसायीक लेखक बन्न समय पुर्‍याउँन सकिएन । मैले चाँहदाचाँहदै पनि भनेजस्तो समय निकाल्न सकिन । भन्न त साहित्यमा हतार गर्नु हुँदैन,भनिन्छ । मैले अति हतारो पनि गरेँ कि मलाई लाग्छ कुनै पनि साहित्य वर्तमानमा लेख्यो,भने वर्तमान नै हुन्छ । भविश्यमा लेख्यो,भने त्यो भूत हुन्छ ।

त्यही विषय वर्तमानमा लेखे अनुभूति हुन्छ भने पछि लेखे संस्मरण,कथा,निबन्ध वा अन्य । त्यस भित्रका सानातिना कुराहरु भुल्न सकिन्छ र त्यसको सौन्दर्य र कलात्मकतामा आउँने उज्यालो कम हुनसक्छ । यद्यपी कालजयी रचना कालजयी नै हुन्छ भएपनि त्यसलाई समयले अझ सिङ्गारपटार गर्न मद्दत गर्छ । यो मैले अनुभवसँगै महसूस गरेको कुरा पनि हो । आजसम्म मलाई लेख्न प्रेरणा प्रदान गर्ने,हौस्याउने,सरसहयोग र मद्दत गर्ने मेरा प्रेरणाका स्रोत,शुभचिन्तक र आफ्ना-आफन्तप्रति सदैव रिणी छु । नहुने कुरै भएन । जसले गर्दा म यहाँसम्म आइपुगेँ । मेरा लेखरचनाहरुलाई स्थान दिने सबै पत्र-पत्रिकाहरुप्रति मेरो सदैव सद्भाव छ । ती प्रति पनि रिणी छु । यस कारण पनि रिणी छु कि मैले पाण्डुलिपीको भारी बोकेर कहिल्यै हिँड्नु परेन । गल्लीका शिकारहरु र प्रेम गर्ने भनाउँदाहरु शीर्षकका दुई कविताहरु झुल्के घाम र कनकाई स्मारिकामा प्रकाशित भएपछि शुरु भएको मेरो सार्वजनिक साहित्यक यात्रा पछिल्लो समयमा लगभाग १०० जति विभिन्न खाले पत्र-पत्रिकाहरुमा झाँगिन पुग्यो । सबै भन्दा बढी गोरखापत्रमा छापिएको रचनाले खुसी प्रदान गरेको सम्झना ताजै छ । त्यो गोरखापत्रमा छापिएको पहिलो रचना थियो । त्यो गीत थियो,जस्तो लाग्छ । त्यो बेला गोरखापत्रमा रचना छापिनु पनि सामान्य कुरा थिएन ।


मधुपर्क,गरिमा,कविता र समकालीन साहित्य त्रैमासिक त अहिले पनि पारिश्रमिक दिने स्तरीय पत्रिका मानिन्छन् । यिनमा रचना छापिनु भनेको त आफूलाई हिउँचुलीमै पुर्‍याउँनु जस्तो थियो । निरन्तर हिँडिरहँदा त पुगिदो रहेछ ठाउँमा । गन्तव्यमा नै त नभनौँ । आधाउधो बाटो छिचोलेर अब ओरालो लागेको भान हुन थाल्यो । अब त बाटो पनि देखियो । बाटो देखिसकेपछि त यात्रा पनि सहज हुँदो रहेछ । बाटो पनि सजिलो लाग्दो रहेछ । लेख्न बस्नु मात्र पर्छ बसिसकेपछि केही न केही त लेखि हालिन्छ । लेख्न अभ्यास मात्र होइन,यसमा अध्ययन पनि उत्तिकै हुनु पर्ने रहेछ । कलात्मकता त लेखनको मेरुदण्ड नै भयो । त्यसपछि विषयबस्तु भाषाशैली आदि तत्वहरु त छँदैछन् । सबैसबै धनसम्पत्ती आर्जन गर्नपटी लाग्दा पनि म भने जुन कुरामा लागेर केही पाइँदैन,सधैँ त्यही कुरामा लागिरहेँ । यो केप्रतिको आकर्षण हो ! अलि बढी नै महत्वकाँक्षी भएँ कि अब त लत नै बसिसकेछ । लत मात्र होइन, माहा लत नै बसिसकेछ । नलेखि बस्न नसकिने । आत्मसन्तुष्टि भन्दा पनि मनमा लागेका सबै कुरा लेखिसक्दा पनि पूर्ण भएजस्तो लाग्दैन । यो कस्तो तृष्णा हो ! सधैँको अपूर्णता । साहित्यको विशेषता अपूर्णता मै सम्पूर्णता भएर पनि हो कि हिँड्दै गर्दा एक जना दाइले भन्नुभयो,त्यो फल्नो साहित्यकार अरे सानो हुँ भन्दैन । हैन,दाइ साहित्यकारहरु प्राय:त्यस्तै हुन्छन् । माइन्ड गर्नु हुँदैन । घमण्डी भएपनि इमान्दार हुन्छन् । बेइमान हुँदैनन् । मैले यसो भनेर बचाउ गरेपछि उहाँको मुखमा पनि बुझो लाग्यो,सायद उहाँले पनि त्यो कुरा महसूस गरेको हुनुपर्छ । त्यसपछि उहाँले पनि सच्चिदै भन्नुभयो,हैन,मान्छे ठिक छन् । भेटमा राम्रैसँग बोलचाल पनि हुन्छ । त्यही हो अलि मै हुँ भने झैँ गर्छन् । सायद ममा पनि त्यो अवगुण देख्दो हो कसैले । म त्यहाँ भन्दा अगाडि जान चाहिन । त्यसपछि हाम्रो सम्वादले विट मार्‍यो । विचार त हरेक मान्छेले हरेक मान्छेको गरिरहेकै हुँदो रहेछ भन्ने लाग्यो । उहाँले गरेको कमेन्टले म पनि निक्कैबेर रन्थनिएँ । मानिसलाई जे बने पनि जस छैन । मैले आजसम्म लेखकमा कुनै खोट देखेको थिइँन । बुढाले देखाए । विषय अर्कैसँग सम्बन्धित भएपनि क्षेत्रले थोरै मन कुणयायो ।

सबैसँग रत्तिन सक्नु पर्ने रहेछ । देवकोटा र लेखनाथको पालादेखि साहित्यकारलाई हेर्ने दृष्टिकोण फरक रहे जस्तो लाग्यो । त्यसो त गीत,सङ्गीत र कलाकारहरुलाई हेर्ने दृष्टिकोण पनि पहिले फरक थियो । देवकोटालाई हेरेर लेखक,कविहरु अलि सनकी,चुरोट पिउने,एकान्तप्रेमी,घमण्डी आदि स्वभावका हुन्छन् । लेखनाथको पालादेखि दाह्री पालेका,झुत्राझाम्रा लुगा लाउने हुन्छन् भन्ने जस्तो छाप पर्‍यो कि ! भन्नेको मुख थुन्न त काँ सकिन्छ र ! त्यसपछिका कतिपय लेखकले त्यस्तो धारणालाई भाँच्दै ल्याएको भान पनि हुन्छ । साँच्चो अर्थमा भन्ने हो भने लेखक तथा कवि किमार्थ त्यस्तो स्वभावको हुँदैन । बरु उसलाई आर्थिक र समयको अभाव हुनसक्छ । ऊ त सत्यवादी पो हुन्छ । इमान्दार हुन्छ । ऊ जे देख्छ भोग्छ र अनुभूत गर्छ त्यही लेख्छ । उसले के विराउँछ । उसले समयको भरपुर सदुपयोग गर्छ । आफ्ना लेख,रचनाहरुलाई सन्तानलाई जस्तै माया गर्छ ।

आफ्नै कुरा गर्दैछु म । मेरो लेखनको उत्तरार्ध काल पूवार्धजस्तो सहज बनेन । घरका मान्छेहरु नै भन्न थाले,लेखेर के हुन्छ ? पैसा कमाउँनु पर्छ । के खाने ? कसरी बाँच्ने ? मलाई यो कुराले एकातिर सारै चित्त दुख्थ्यो,भने अकोतिर टाउको सियोको टुप्पोले झैँ घोच्थ्यो । मेरो पहिलेदेखिको लत हो । नलेखि बस्न सक्दिन । लेखेर केही विग्रदैन । र राम्रै हुन्छ भनेर सम्झाउँदा पनि कहिले बत्ती निभाइन्थ्यो । कहिले त्यही विषयलाई लिएर झगडा हुन्थ्यो । कहिले त मलाई मैले लेखेका ती सम्पूर्ण चिजहरु पुरस्कार र प्रमाणपत्रहरु सहित पर खोलामा लगेर बगाइदिउँ कि कतै भेला पारेर डढाइदिउँ झैँ पनि लाग्थ्यो । लेखनको एउटा युग निर्माण गरिसकेको मान्छे त्यसो गर्न पनि सक्दिनथेँ । कहिले यही कुराले धेरै प्रताडित पनि हुन्थेँ म । साहित्यका खातिर मैले परिवारको त गरिन,गरिन । आफ्नै स्वाश्थ्यको पनि ख्याल गरिन । कहिले त म विहानको ३ बजे मात्र पनि सुत्थेँ । १२ त सधैँजसो नै बज्थ्यो । यही कारण पनि म विरामी परिरहन्थेँ । खासमा मेरो घाँटीको समस्या थियो । यद्यपी मैले यसको कुनै पर्वाह नै गरिन । निरन्तर लेखिरहेँ । लेख्न थालेपछि न भोक न तिर्खा न निद्रा विन्दास लेख्थेँ म । विरामी हुँदा पनि म उठ्ने नसक्दा मात्र नत्र उठ्न सक्ने भएपछि उठेर लेख्न थालिहाल्थेँ । कागजका पन्न र टुका म गोजिमा पनि बोकि हिँड्थेँ । कलम त प्राय:साथमै हुन्थ्यो । कुन बेला के फुर्छ टिपेर राख्थेँ अनि पछि त्यसलाई मूल लेखमा समाहित गर्थेँ । अहिले पनि प्राय:त्यसै गर्छु ।



## दिक्पालका पुस्तक विश्वविद्यालयको पाठ्यक्रममा




धरान (ब्लाष्ट) पूर्व पत्रकारसमेत रहेका इतिहास अध्येता लेखक राजकुमार दिक्पालको दुई पुस्तक विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरिएको छ ।

नेपाल खुला विश्वविद्यालयको पाठ्यक्रममा आफ्नो पुस्तक समावेश गरिएको उनले जानकारी दिए । उनका अनुसार विश्वविद्यालयले हालै निर्माण गरेको स्नातक तहको 'मगर अध्ययन' विषयको पाठ्यक्रममा आफ्नो दुई पुस्तक समावेश भएको छ । विश्वविद्यालयको सामाजिकशास्त्र तथा शिक्षा सङ्काय अन्तरगत स्नातक तहमा अध्यापन हुने उक्त पाठ्यक्रममध्ये पहिलो वर्षको पहिलो सेमेस्टरअन्तरगत चौथो एकाइको 'नेपालको आधुनिक इतिहासमा मगरहरु' पाठमा मनोज घर्तीमगरसहितको सहलेखनमा लेखिएको 'मगर इतिहास' र सातौँ एकाइको 'आदिवासी मगर आन्दोलनको इतिहास' अन्तर्गत 'आदिवासी विद्रोहको इतिहास' पुस्तकलाई पाठ्यक्रममा समावेश गरिएको छ । हालसम्म लेखक दिक्पालको 'पृथ्वीनारायण शाहः आलोचनात्मक इतिहास', 'जङ्गबहादुरको युग' गरी चार वटा इतिहाससम्बन्धी पुस्तक प्रकाशित भएका छन् । यस्तै 'आतङ्कको छायाँमुनि' कथा सङ्ग्रह प्रकाशित भएको छ ।

## कविता

### जागिर र म... (१)

-जगत पराजुली



झोला भिरेको, सहजै हिँडेको ,
रेखी जुँगाको, पुरुषत्व हो यो ।
माला गलाको, फुलले सजेको ,
गाला कलीला, मन त्यो रसीलो ।।१।।

साइत् थियो की, घरबाट हिँड्छ ,
खोला र खोल्सी, तरि केहि घाट ।
खै त्यो घडी जून लुकी उठायो ,
घण्टा बितो तीन् कुखुरो करायो ।।२ ।।

सोध्दै र खोज्दै सबतर्फ हेर्दै ,
खाजा झिकी त्यो कति स्वाद मान्दै ।
मैदान यी सम्म अहो १ तरङ्ग ,
के हो कता हो मन भो भरङ्ग ।।३।।

मोरङ्ग ( केराबारी )पुगेँ त्यो कति हेरि ठाँउ ,
कात्तिक् छ तेइस् , )२७ जनाउँ ।
हाकिम् भनिन्थ्यो म चकित् नि पर्थेँ ,
इन्स्पेक्टर साहब् पदले गनिन्थेँ ।।४।।

घरबाट हिँड्यो समचार बेपत्ता ,
फर्कर आए पछि हुन्छ पत्ता ।
बित्तीय सँस्था न थिए यि बैंक ,
देश् को नगद् को नहुने सुरक्षा ।।५ ।।

पर्बत् यि शीखर हरिया तराई ,
हेरी रमाऊँ तलका गरा यी ।
चल्थे मट सम्म तथा सहर मा ,
हिड्थे नि खोजी पथ त्यो पहाड्मा ।।६ ।।

बर्षा छ धेरै कति यो अघोर ,
फड्के न पुल् छन् कसरी छ पार ।
बाटा उकाला दुखका कहानी ,
यात्रा नरोकी अघि बढ्नु हामी ।।७।।

## हल्दिबारीमा एकल विद्यालयको भवन शिलान्यास



भद्रपुर (ब्लाष्ट) झापाको जनकल्याण प्रतिष्ठान, नेपालले 'एकल विद्यालय अर्थात् बाल संस्कार केन्द्र' को भवन शिलान्यास गरेको छ ।

बालबालिकामा हराउँदै गएको संस्कारलाई मध्यनजर गरी संस्थाले झापाको हल्दीबारी गाउँपालिका-३, ढडुवा चोकमा सत्सङ्ग भवन शिलान्यास गरेको हो । जनकल्याण प्रतिष्ठान नेपाल कोशी प्रदेशका अध्यक्ष जितेन्द्रकुमार राठी प्रतिष्ठानका पदाधिकारी, जग्गादाता, जनप्रतिनिधिलगायतले शुक्रबार संयुक्त रुपमा भवन शिलान्यास गरे । हल्दीबारी-३ की ईश्वरा कँडेल तिवारीको परिवारले प्रदान गरेको एक कठ्ठा जमिनमा भवन निर्माण गरिन लागिएको हो । बालबालिकाहरुलाई कुलतबाट रोक्न अभियान सफल भएपछि जग्गा दान दिएको जग्गाधनी एवम कोशी प्रदेश उपाध्यक्ष ईश्वरा कँडेल तिवारीले बताइन् । यो अभियानमा चार वर्षदेखि १४ वर्षसम्मका बालबालिकालाई समेट्दै आएको छ ।

जनकल्याण प्रतिष्ठान, एकल विद्यालय गौरीगञ्जका सञ्चालन प्रमुख पिताम्बर बरालका अनुसार विद्यालय जानबाट बञ्चित बालबालिकाहरुलाई संस्कार सिकाउने अभियान जारी राखिएको छ । जनकल्याण प्रतिष्ठान, एकल विद्यालय झापा अध्यक्ष शङ्कर भट्टराईले भवन निर्माण समिति गठन भइसकेकोले भवन निर्माणका लागि दाताहरुलाई सहयोग गरिदिन आह्वान गरे । हाल निर्माण हुने भवन हलसहित एकवटा कोठा र शौचालय हुनेछ भने विराटनगरका उद्योगी प्रकाश मुन्डराले निर्माणमा सहयोग गर्ने भएका छन् । वि.सं. २०५३ देखि धाधिङबाट सुरू भएको एकल विद्यालय कोभिड-१९ अघिसम्म नेपालभर २५ सय रहेकोमा हाल ११ सय विद्यालय सञ्चालित छन् । झापामा ६० वटा सहित कोशी प्रदेशमा २ सय ५० वटा एकल विद्यालय सञ्चालित रहेको प्रतिष्ठानले जनाएको छ ।

## एम्समा खेलकुद सप्ताह



धरान (ब्लाष्ट) सुनसरीको धरान उपमहानगरपालिका-१२, स्थित एम्स एकेडेमीमा खेलकुद सप्ताह शनिबार सम्पन्न भएको छ ।

बिहीबारदेखि सुरू भएको खेलकुद सप्ताहमा टेबलटेनिस, ब्याडमिन्टन, फुटसल, बास्केटबल र चेस प्रतियोगिता भएको प्रिन्सिपल सन्तोष कोइरालाले जानकारी दिए । फुटसल प्रतियोगिताको फाइनल यही माघ १७ गते हुने भएको छ । धरान १६ स्थित बीबी फुटसलमा भएको प्रतियोगितामा छात्रबाट ८ टिम सहभागी थिए । जसमा कक्षा १२ को होटल म्यानेजमेन्ट र कक्षा १२ कै जनरल मेनेजमेन्ट फाइलनमा पुगेको छ ।

यस्तै इनडोर खेलमध्ये चेसतर्फ कक्षा १२ का डेबिट लिम्बू विजेता बन्दा फस्ट रनरअप राज साह, कक्षा ११ का सृजन थापा सेकेन्ड रनरअप भए । यस्तै बास्केटबलतर्फ कक्षा १२ को कम्प्युटर मेनेजमेन्टको टिम विजयी भएको थियो भने कक्षा ११ को कम्प्युटर मेनेजमेन्टको टिम दोस्रो बनेको थियो । टेबलटेनिसतर्फ कक्षा १२ का सनम दाहाल विजयी हुँदा विशाल तामाङ दोस्रो भए । यस्तै ब्याडमिन्टन छात्रतर्फ कक्षा १२ होटल मेनेजमेन्टका करण राई विजेता बन्दा प्रशान्त वन दोस्रो र कक्षा ११ साइन्सका अर्पण उराँव तेस्रो भए । छात्रातर्फ भने कक्षा १२ की सकुन राई विजेता बन्दा कक्षा ११ की मनिषा तामाङ दोस्रो भइन् ।

कार्यक्रमको उद्घाटन एम्स एकेडेमीका सञ्चालक समिति अध्यक्ष प्रकाश राईले गरे । प्रतियोगिताका विजेता तथा उपविजेता टिम साथै व्यक्तिगत पुरस्कार माघ १८ गते गरिने सांस्कृतिक डेको अवसरमा वितरण गरिने प्रिन्सिपल सन्तोष कोइरालाले बताए । विगत ६ वर्षदेखि एम्सले सांस्कृतिक डे मनाउँदै आइरहेको छ । यसै अवसर पारेर खेलकुद प्रतियोगिता साथै वार्षिक परीक्षाहरुमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कृत गरिने भएको छ ।

## विद्यार्थीलाई शैक्षिक सामग्री वितरण



धनकुटा (ब्लाष्ट) धनकुटाका पत्रकारहरुले विपन्न परिवारका विद्यार्थीहरुलाई न्यानो कपडा र शैक्षिक सामग्री प्रदान गरेका छन् ।

तिहारमा देउसीभैलो खेलेर स□लन गरेको रकमबाट धनकुटा-७ स्थित त्रिवेणी माध्यमिक विद्यालयमा अध्ययनरत ११ जना विद्यार्थीहरुलाई स्विटर, टोपी, कपी र कलम प्रदान गरिएको हो । बिहीबार विद्यालयमा आयोजित कार्यक्रमको अवसरमा पारेर देउसीभैलो कार्यक्रमका समन्वयकर्ता एवम् पत्रकार महासङ्घ धनकुटाका उपाध्यक्ष रविन कट्टेलले विद्यार्थीहरुलाई सहयोग गरिएको जनाए । विद्यालयका प्रधानाध्यापक दीपक पोखेलले विपन्न विद्यार्थीहरुलाई सहयोग गरेकोमा पत्रकारहरुलाई धन्यवाद दिए ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
कोशी प्रदेश, धनकुटा ,नेपाल

सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१।१०।११ गते)

प्रस्तुत विषयमा यस कार्यालयको आ.ब. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार स:शुल्क आयुर्वेद अस्पताल फार्मेसी सञ्चालनका लागि तपशिल बमोजिमको सेवा करारमा कर्मचारी आवश्यक भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा तोकिएको फारम अनुसार दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | समुह | माग पद संख्या | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १-२०८१/८२ | बैद्य | चौथो | स्वास्थ्य | आयुर्वेद | १(एक) | लिखित र अन्तर्वार्ता | |

१) सेवाको किसिम : करार
२) उमेदवारको छनौट विधि : लिखित र अन्तर्वार्ता
३) परीक्षाको मिति, समय र स्थान : दरखास्त दिने अन्तिम दिनको भोली पल्ट कार्यालयमा सूचना प्रकाशन गरिनेछ ।
४) अवेदन दस्तुरः रू ५०० (पाँचसय मात्र) रा.बा.बैंकको रावश्व शिर्षक नं. १४२२४, कार्यालय कोड ३५००४०६०४१, खाता नं. १०००१००२०१०००१ मा परीक्षा दस्तुर बापत रकम जम्मा गरी सक्कलै बैंक भौचर राख्नु पर्ने ।
५) दरखास्त बुझाउने अन्तिम मिति : मिति २०८१।१०।२५ गते तथा उक्त दिन सार्वजनिक बिदा परेमा बिदा सकिएको भोली पल्ट कार्यालयको समयभित्र ।
६) दरखास्त बुझाउने स्थान : जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धनकुटा, सल्लेरी ।
७) तलव तथा सेवा सुविधा : करार सम्झौता अनुसार विनियोजित वजेटको परिधि भित्र ।
८) आवश्यक न्यूतम योग्यताः बैद्यको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता (AAHW) कोर्ष उतिर्ण गरेको सम्बन्धित काउन्सिलमा दर्ता र नविकरण भएको हुनुपर्ने ।
९) उमेर हद : १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
१०) सेवा करार को अवधी : २०८२ साल असार मसान्तसम्म ।
११) दरखास्त साथ पेशगर्नु पर्ने न्यूतम कागजात र विवरणः आवेदक स्वयंले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरु ।
(क) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
(ख) न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्र तथा चारीत्रिक प्रमाणपत्रकाप्रतिलिपीहरु ।
(ग) सम्बन्धित काउन्सिलमा दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
(घ) कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपी (भएमा) ।
(ङ) स्थानीयता खुल्ने कागजातको प्रतिलिपीहरु (भएमा) ।
(च) लोपोन्मुख / सीमान्तकृत / अतिसीमान्तकृत / दलितजाती प्रमाणपत्रको प्रतिलिपी (भएमा) ।
१२) बिस्तृत जानकारीका लागी मोवाईल नं. ९८५२०७१११७ र फोन नं. ०२६५२२११७ मा सम्पर्क गर्न सकिनेछ ।

संयोजक
डा. बिद्या श्रेष्ठ

# क्यूपेकद्वारा सामाजिक सुरक्षाका विषयमा प्रशिक्षण



धरान (ब्लाष्ट) निर्माण क्षेत्रमा काम गर्ने मजदुरहरूको संगठन क्यूपेक नेपाल सुनसरीले एक दिने अनौपचारिक क्षेत्रका श्रमिकहरूका लागि योगदानमा आधारित सामाजिक सुरक्षा विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

क्यूपेक जिल्लाको कार्यालय धरानमा शुक्रबार सम्पन्न प्रशिक्षण कार्यक्रममा जिल्लाभरिका निर्माण मजदुरहरू सहभागी थिए । कार्यक्रमको उद्घाटन मजदुर नेता भीमज्वाला राईले गरे । उनले स्थानीय तहका सरकार प्रमुखहरू श्रमिकप्रति अनुदार रहेको बताए । उनले श्रमिकप्रति निर्माण भएको कानूनी व्यवस्थाप्रति गैरजिम्मेवार हुद्या सामाजिक सुरक्षा योजनाबाट बन्चित भएको बताए । जिफन्ट राष्ट्रिय कमिटी सदस्य समेत रहेका राईले स्थानीय सरकार प्रमुखहरूले सामाजिक सुरक्षा कोषबारे बुझ्नै नचाहेको आरोप लगाए ।

उनले सामाजिक सुरक्षा ऐन २०७४ ले स्पष्टसँग औषधि उपचार, दुर्घटना हुँदा उपचार, आश्रित परिवारलाई राहत तथा वृद्ध अवस्थामा निवृत्तिभरणको व्यवस्था रहेको बताए । तर, त्यस विषयमा स्थानीय सरकारको चासो र चिन्ता व्यक्त नगरेको आरोप लगाए । सामाजिक सुरक्षा कोष शाखा कार्यालय विराटनगरका सम्पर्क व्यक्ति महेश प्रधानले सामाजिक सुरक्षा मजदुरहरू बिरामी, बेरोजगार, अशक्त, अपाङ्ग, अशक्त र वृद्ध अवस्थाका व्यक्तिलाई राज्यले प्रदान गर्ने विशेष सुविधा र मजदुरहरूको मर्यादित र सुरक्षित जीवन यापनका लागि मद्धत गर्ने बताए । उनले देशभरिमा करिब १७ लाख श्रमिकहरू सामाजिक सुरक्षा कोषमा सुचिकृत भइसकेको बताए । कार्यक्रमको सहजीकरण पनि उनैले गरेका थिए । उनले वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत योगदानकर्ताको उमेर ६० वर्ष पुगेपछि योगदान रकमका आधारमा निवृतिभरण पाउने व्यवस्था रहेको प्रधानले बताए ।

क्युपेक नेपालले सञ्चालन गर्दै आइरहेको दश महिना, दश गते दश बजे देशव्यापी अभियान अन्तर्गत श्रमिकहरूका लागि प्रशिक्षण कार्यक्रम आयोजना गरिएको क्युपेक नेपालका केन्द्रीय उपमहासचिव मुक्तिनाथ गिरीले जानकारी दिए । जिल्ला उपाध्यक्ष हेमप्रसाद सेढाईंको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# कोशी प्रदेशमा वैदेशिक रोजगारीमा जाने झापा अगाडि



भद्रपुर (ब्लाष्ट) कोशी प्रदेशमा वैदेशिक रोजगारीमा जानेमध्ये झापा पहिलो नम्बरमा रहेको छ ।

सुरक्षित आप्रवासन (सामी) ले भद्रपुर नगरपालिकामा गरेको कार्यक्रमको क्रममा यस्तो जनाइएको हो । सामीको तथ्याङ्क अनुसार झापाबाट गत आर्थिक वर्षमा छ हजार पाँच सय ४६ महिलासहित ३४ हजार ३६२ जना वैदेशिक रोजगारीमा गएका छन् । झापाबाट मलेसियालगायत खाडी मुलुकहरू कतार, साउदी अरब र दुबई गएको तथ्यांक रहेको सामी कार्यक्रमका जिल्ला संयोजक शेखर बुढाथोकीले बताए । रोजगारीमा गएकामध्ये २० देखि २५ प्रतिशत मात्र सीप र भाषा सिकेर र करिब १० प्रतिशतले कानुनी परामर्श लिएर जाने गरेको संयोजक बुढाथोकीले बताए ।

आप्रवासी स्रोत केन्द्रको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष ०८१/८२ को पुस मसान्तसम्म जिल्लामा ३८ जनाको उजुरी परेको छ । जसमध्ये ६ वटा उजुरीको समाधान भएकोमा ३२ वटा उजुरी अझै प्रक्रियामा रहेको छ । जसबाट ३ लाख ८६ हजार ५३१ रुपैयाँ असुलउपर गरी सम्बन्धित व्यक्तिलाई फिर्ता गराएको उनले बताए ।

सामीका कार्यक्रम अधिकृत रोहित विश्वकर्माले गत आर्थिक वर्ष कोशी प्रदेशबाट एक लाख ६० हजार ६७२ जना रोजगारीमा गएकामध्ये २८४ जनाको मृत्यु भएको बताए । उनका अनुसार २०७५ भदौदेखि २०८०/८१ सम्म कोशी प्रदेशका ३२ स्थानीय तहमा दुई लाख ६५ हजार ५२९ जनाले सूचना तथा परामर्श लिएका थिए ।

# बुवाको नाममा अषयकोष

धरान (ब्लाष्ट) धरान-१५ का युवराज शङ्कर र मिलन शङ्करले आफ्ना स्वर्गीय बुबा सुरज शङ्कर (सुर्य) को वार्षिक पुन्य तिथिका अवसरमा ५१ हजार रुपैयाँ अक्षयकोष स्थापना गरेका छन् ।

विश्वकर्मा कल्याण सेवा समितिमा कोष रहने गरी स्थापना गरेका हुन् । नेपाली काङ्ग्रेस प्रदेश सभा क्षेत्रीय समिति सुनसरी १ (क) का सचिव युवराज शङ्करले आगामि दिनमा पनि अक्षयकोष थप गर्दै जाने जानकारी दिए । यसअगि ५ हजार एक सय रुपैयाँ अक्षयकोष राखिएकोमा वार्षिक पुन्य तिथिका अवसरमा ४५ हजार रुपैयाँ नौ सय थप गरी ५१ हजार पुऱ्याइएको हो ।

# रेडक्रसको बाँझगरा उपशाखामा पौडेल



धरान (ब्लाष्ट) नेपाल रेडक्रस सोसाइटी सुनसरी बाँझगरा उपशाखाको सभापतिमा उमेश पौडेल पुनः चयन भएका छन् । दोस्रो कार्यकालका लागि उनी सर्वसम्मत सभापतिमा चयन भए ।

शुक्रबार धरानमा सम्पन्न निर्वाचनबाट उपसभापतिमा शीला बज्राचार्य, सचिवमा तीर्थ योञ्जन, कोषाध्यक्षमा हरि प्रसाद ओझा, सहसचिवमा ज्ञानेन्द्र बस्नेत, सहकोषाध्यक्षमा गणेशबहादुर प्रधान चयन भएको निर्वाचन समितिकी संयोजक बेणु काफ्लेले जानकारी दिइन् । यस्तै सदस्यहरूमा देवेन्द्र कार्की, सन्दिप सुवेदी, पनुका राई, गणेशकुमार लिम्बू, समरकुमार योञ्जन रहेका छन् । निर्वाचित सभापति पौडेलले उपशाखाको कार्यालयका लागि जग्गा खोजेर भवन निर्माणसँगै मानविय सेवामा समिति क्रियाशील हुने प्रतिबद्धता व्यक्त गरे । नेपाल रेडक्रस सोसाइटी नेपालको सबै भन्दा ठूलो मानवीय सहयोग गर्ने संस्था हो । यसको जिल्ला शाखा कार्यालयहरू देशको ७७ बाटै जिल्लामा सक्रिय छन् । जिल्ला शाखाहरूले १,५०८ भन्दा बढी उपशाखाहरू ५,४१० जुनियर र ८६५ युवा रेडक्रस सर्कलहरू र तिनीहरू अन्तर्गतको सहयोग समितिहरूबाट सेवा प्रदान गर्दै आएको छ ।

# प्रेस सेन्टर मोरङको अध्यक्षमा कर्ण



विराटनगर (ब्लाष्ट) प्रेस सेन्टर नेपाल मोरङको अध्यक्षमा नवीनकुमार कर्ण चयन भएका छन् ।

प्रेस सेन्टर नेपाल मोरङको विराटनगरमा बिहीबार भएको पाँचौ जिल्ला सम्मेलनबाट कर्ण अध्यक्षमा सर्वसम्मत चयन भएका हुन् । उनी यसअघि सेन्टरका उपाध्यक्ष थिए । समितिको उपाध्यक्षमा श्रीमन्त भट्टराई, सन्दिप राई, सचिवमा अनिल श्रेष्ठ, सहसचिव राकेश कर्ण, हुसेन शेख, राजेश राजवंशी र कोषाध्यक्ष प्रेम देवान रहेका छन् । त्यसै गरी सदस्यहरूमा नम्रता न्यौपाने, एलिसा रायमाझी, मोहन ढकाल, माधव काफ्ले, सुरन्जन लिम्बू, जय कामत, अर्जुन लिम्बु, मर्जिना खातुन रहेका छन् ।

**ग्रामीण पत्रकारिता पुरस्कार मुडियारीलाई**

सहिद लक्ष्मी फुयाल स्मृति ग्रामीण पत्रकारिता पुरस्कारबाट पत्रकार बाबुराम मुडियारी पुरस्कृत भएका छन् । प्रेस सेन्टर नेपाल मोरङको पाँचौ जिल्ला सम्मेलनको अवसर पारेर बिहीबार पत्रकार मुडियारीलाई १० हजार राशीको उक्त पुरस्कार प्रदान गरेको हो ।

यस्तै प्रेस सेन्टर नेपाल मोरङका संस्थापक अध्यक्षसहित पाँच जना पूर्वअध्यक्षहरूलाई सम्मान गरिएको छ । सम्मानित हुनेहरुमा प्रेस सेन्टर नेपाल मोरङका संस्थापक अध्यक्ष राजेन्द्र पौडेल, पुर्व अध्यक्षहरु अमृतकुमार महतो, विनोद घिमिरे, गणेश लम्साल र गोकुल पराजुली छन् ।


**खोटेहाङ गाउँपालिका**

कोशी प्रदेश, खोटेहाङ गाउँपालिकामा बग्ने सावा खोला, दुम्छा खोला, टुवा खोला र कोशी नदी क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा तथा मिस्कटको दिगो रुपमा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धि ।

**सार्वजनिक सूचना**

प्रकाशन मिति २०८१।१०।१३

कोशी प्रदेश, खोटाङ जिल्लाको खोटेहाङ गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | खोटेहाङ गाउँपालिकाको कार्यालय, खोटाङ बजार, खोटाङ<br>इमेल : khotehangmun@gmail.com |
| प्रस्तावको व्यहोरा | खोटेहाङ गाउँपालिकामा बग्ने सावा खोला, दुम्छा खोला, टुवा खोला र कोशी नदी क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा तथा मिस्कटको दिगो रुपमा संकलन कार्य । |
| प्रभाव पर्न सक्ने क्षेत्र | खोटेहाङ गाउँपालिका वडा नं. ३, ४, ५, ६, ७, ८, र ९ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन सम्बन्धि प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली, र साँस्कृतिक प्रणाली बिच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न सो संस्थाको गाउँपालिका वा वडा तथा त्यस क्षेत्रको विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।
राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | खोटेहाङ गाउँपालिकाको कार्यालय, खोटाङ बजार, खोटाङ<br>इमेल : khotehangmun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | इनोवेटिव अर्वनशोलुसन प्रा।लि। काठमाडौं<br>इमेल : innusnepal@gmail.com |



**पूर्वाञ्चल क्याम्पस धरानको नयाँ कृषि भवनमा कार्यालय कक्ष निर्माण कार्य गर्ने सम्बन्धी सूचना**

यस क्याम्पसको नयाँ कृषि भवनको पहिलो तल्लामा कार्यालय कक्ष निर्माण कार्य गर्न National Competitive Bidding (NCB) अनलाईन बोलपत्र आह्वान गरिएकोले मान्यता प्राप्त निर्माण व्यवसायी तथा कम्पनीहरुमा जानकारी गराईन्छ । www.bolpatra.gov.np/egp मा गई अनलाईन बोलपत्र भर्न सकिने छ । आवश्यक थप जानकारीको लागि क्याम्पस प्रशासनमा सम्पर्क गर्नुहोला ।
तपशिलः
1) Construction for Office on First Flour of New Agriculture Building



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
इनरुवा, सुनसरी

**भुमी सुधार तथा मालपोत कार्यालय, ईनरुवा, सुनसरीबाट जारी भएको छूट जग्गा दर्तासहितको नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना**

यसमा सानो मुनाईको नाउँमा नाप नक्सा भई फिल्डबुक समेत कायम रहेको, मौजे वस्तीपुर अन्तर्गत रै.नं. ७१० को जमिन्दारी नम्वरी दर्ता छुट जग्गा जिल्ला सुनसरी सोनापुर गा.वि.स. वडा नं. ७ (क) कि.नं. ७७ ज.वि. ०-०-१४ रहेकोमा निज जग्गाधनीको मिति २०५७।०९।११ मा र निजको एक मात्र पत्नी हलिमनी मियाईनीको मिति २०५८।०९।०२ मा मृत्यु भएको, निजहरुबाट जायजन्म भएको हामी निवेदकहरु ५ जना छोराहरु महमद अजिज मियाँ, अब्बास मियाँ, इद्रिस मियाँ, अहमद हुसेन मियाँ र तोहीर मियाँ रहेकोले संयुक्त रुपमा छुट जग्गा दर्ता गरी पाउँ भन्ने द.नं. ९३३१ मिति २०८१।०२।०२ को माग निवेदन रहेकोमा निज निवेदक बाहेक उल्लेखित जग्गामा अन्य कसैले दर्ता नामसारीका लागी यस पुर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सुचना टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ पैतिस दिनभित्र यस कार्यालयमा स प्रमाण दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको दावी बिरोध नपरे निवेदकहरुको माग दावीलाई स्विकार गरेको मानी कानुन बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।
तपशिल

| क्षेत्र | वडा नं. | कि.नं. | ज.वि. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सोनापुर | ७(क) | ७७ | ०-०-१४ | - | जग्गाधनीको महलमा फरजान मियाँको छोरा सानो मुनाई मियाँ सोनापुर पंचायत ७ नं. वार्ड ।<br>द.नं. ३६ मिति २०२४।०४।२२ को दरखास्त तोक पछि ठुलो मुनाई बदर भई सानो मुनाई मियाँ कायम, यो जग्गा मेरो बबूँ फरजन मियाँको नम्वरी हो अंश अंश भई भोग चलन गरी आएको ठुलो मुनाइ मिया, सोनापुर ७। |

ईती सम्बत २०८१ साल माघ ०९ गत्ते रोज ४ शुभम्।



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
इनरुवा, सुनसरी

**भुमी सुधार तथा मालपोत कार्यालय, ईनरुवा, सुनसरीबाट जारी भएको छूट जग्गा दर्तासहितको नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना**

यसमा जग्गाधनी बद्रि नारायणको नाउँमा फिल्डबुकमा कायम रहेको जिल्ला सुनसरी वसन्तपुर गा.वि.स. वार्ड नं. ५(ख) कि.नं. २१ ज.वि. २-१९-२.५ जग्गा नाप नक्सा भै दर्ता छुट हुन गएको अवस्थामा निजको मृत्यु भएको, निजको नजिकको हकदार एक मात्र श्रीमती वतासी देवी रौनियारको पनि २०५३।०९।०१ मा मृत्यु भएको निजहरुबाट हक खाने तीन जना छोराहरु उदय चन्द्र रौनियार, राजकिशोर रौनियार, दिना नाथ रौनियार र बद्रि नारायण रौनियारको भाई तथा वतासी देवीको देवर केदार रौनियार भएकोमा केदार रौनियारको मिति २०६४।०४।१२ गत्ते मत्यु भएको निजको शाखा सन्तान र पत्नी नभएको, हक खाने तीन भाईहरु उदय चन्द्र रौनियार, राजकिशोर रौनियार, दिना नाथ रौनियार भएकोमा म निवेदक दिनानाथ रौनियरको नाउँमा एकलौटी छुट जग्गा दर्ता गरी दा.खा. नामसारी गरी पाउँ भन्ने द.न. २६७० मिति २०८१।०८।१५ माग निवेदन रहेकोमा निज निवेदक बाहेक उल्लेखित जग्गामा अन्य कसैले दर्ता नामसारीका लागी यस पुर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सुचना टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ पैतिस दिनभित्र यस कार्यालयमा स प्रमाण दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको दावी बिरोध नपरे निवेदकहरुको माग दावीलाई स्विकार गरेको मानी कानुन वमोजिम जग्गा दर्ता नामसारी समेत भै जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ ।
तपशिल

| क्षेत्र | वडा नं. | कि.नं. | ज.वि. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| बसन्तपुर | ५(ख) | २१ | २-१९-२.५ | - | यो जग्गा मेरो लोग्ने बद्रि नारायण रौनियार घुर्ना वस्नेको हो निज मर्दा मेरो छोरा दिनानाथ, उद्धवचन, राजकिसोर देवर केदार रौनियार समेत ४ जनाको हक हुन आएको हो दाखिल खारेज बाँकी छ । |

ईती सम्बत २०८१ साल माघ ४ गत्ते रोज ६ शुभम् ।



**Chhathar Jorpati Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Jorpati, Dhankuta**
**Koshi Province**

**Invitation for SEALED QUOTATION**

3rd Date of publication: 2081/10/13 (2025/01/26)

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Sealed Quotation from eligible bidders for the procurement of the following Works.

| Contract ID | Description | Estimated Amount NRs (Exclusive of VAT and Contingencies) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 05/CJRMUN/SQ/2081/082 | Construction of Guard House & Compound Wall of Industrial Gram | 17,56,113.13 | 1,000 | 50,000 | 75 Days | Sealed Quotation | 2081/10/28 (2025/02/10) At 13:00 |

2. Eligible Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np

Chief Administrative Officer


# आजको राशिफल



ज्यो.पं: मोहन घिमिरे
मो.नं: ९८१०४२५२५१

श्री शालवाहनिय शाके १९४६ ने।सं।११४५ वि।सं।२०८१ साल माघ १३ गते आईतवार, २६ जनवरी २०२५, कालयुक्त संवत्सर, माघ कृष्ण पक्षको द्वादशी तिथि २१स्१४ उप्रान्त त्रयोदशी ,नक्षत्र ज्येष्ठा ०८स्४२ बजे सम्म मुल, चन्द्र राशी-वृश्चिक। सुयीदय ०६स्५३ बजे र सुर्यास्त १७स्३९बजे हुनेछ१

**मेष (चु, चे, चो, ला, लि, लु, द, ले, लो, अ)**
प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ।

**वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
सामान्य कामकै लागि दौडधुप गर्नुपर्नेछ। अवसर खोज्ने समय छ । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
समस्या दर्साउँदा सहयोगीहरुको साथ पाइनेछ। स्वास्थ्य कमजोर रहनेछ, आहारविहारमा सजग रहनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
विशेष उपहार प्राप्त हुन सक्छ। प्रियजनसँगको सान्निध्यले दिन रमाइलो रहनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
मनोरञ्जनमा समय बित्नेछ। शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ। भौतिक साधन जुट्नेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
व्यापारमा आम्दानी बढाउन सकिनेछ।स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
रोकिएका काम बन्नाले नयाँ काम गर्न सकिनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। खर्चिलो काम थाल्न विचार पुर्याउनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
परिस्थितिसँग सम्झौता गर्नुपरे पनि कामले आशा भने जगाउनेछ। समयको मागअनुसार चल्ने प्रयास गर्नुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
बौद्धिक व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ। अध्ययनमा राम्रो प्रगति हुनेछ। छोटो दुरीको यात्रा रहनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ। बेसुरमा बोल्ने बानीले गोपनीयता भंग हुन सक्छ।